नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

# प्रेस-विज्ञप्ती

## अन्तर्राष्ट्रिय Gulf Food Trade Fair, Dubai, UAE 2019 मा नेपालको सहभागिता

फेब्रुअरी १७-२१, २०१९ UAE मा आयोजना भईरहेको Gulf Food Trade Fair,Dubai, UAE, 2019 मा नेपालको सहभागिताको लागी २ वटा स्टल सहितको व्यवस्था गरी नेपाली चिया, अलैंची, कफि, अदुवा र पानीसँग सम्बन्धित व्यवसायीहरुको सहभागिता गराईएको छ । केन्द्रले सहभागि उद्यमी/व्यवसायीहरुलाई निःशुल्क स्टलको व्यवस्था गरी मेलामा सहभागी हुन सहजिकरण सम्बन्धी पूर्व व्यवस्थापन कार्य सम्पन्न गरेको छ ।

यस व्यापार मेलाबाट नेपाल र खाडी मुलुक बीच व्यापार तथा लगानी प्रवर्द्धन निकासी योग्य कृषिजन्य वस्तुको बजारीकरण हुनुका साथै नेपालको पानीको व्यापारिक अवसर प्राप्त हुनगई नेपालको बढ्दो व्यापार घाटा न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस व्यापार मेलाको पूर्व तयारीको लागी व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले सहभागिहरुसँग छलफल गरी नेपाली निर्यातयोग्य गुणस्तरीय वस्तुहरु कफि, चिया, अलैंची, अदुवा र नेपाली शुद्ध पानीको सो क्षेत्रमा उपभोक्ताको माग हुन सक्ने भएकोले प्रदर्शनीमा सहभागि गराउने व्यवस्था गरिएको छ । नेपाली व्यवसायीहरुले सो व्यापार मेलाबाट व्यापारिक माग सृजन हुन गई अधिकतम लाभ लिन सफल हुने आशा रहेको छ । खाडी मुलुकहरुमा नेपाली उत्पादित कृषिजन्य वस्तुहरुको उपभोग उच्च रहेको र यस्ता वस्तुहरुको माग समेत भएको तथा नेपाली हिमाली क्षेत्रको पानीको उपयोगिताको विषयलाई मध्यनजर गर्दै यस व्यापार मेलामा नेपालको सहभागिताको लागी व्यवस्थापन गरिएको छ ।

अतः यस व्यापार मेलाबाट नेपालले अधिकतम लाभ लिई नेपाली उत्पादित अलैंचि, चिया, कफि, अदुवा तथा पानीको बजार प्रवर्द्धन भई निर्यात व्यापारमा सहयोग पुगी व्यापारघाटा कम गर्नमा केही हदसम्म सहयोग पुग्ने देखिन्छ । यस मेलाबाट अन्तर्राष्ट्रिय बजारमा नेपाली कृषिजन्य वस्तुले प्रवेश पाउने तथा सो अवसरमा नेपाली सहभागी उद्यमी/व्यावसायीले B2B Meeting को आयोजना गरी नेपाली प्रदर्शित वस्तुको निर्यात संभावना बारेमा छलफल समेत आयोजना हुनेछ । उक्त B2B Meeting मा नेपाली व्यवसायीहरुले नेपाली वस्तुको बजार प्रवर्द्धन एवं लगानीको क्षेत्रको बारेमा प्रस्तुतीकरण समेत गरिने कार्यक्रम रहेको छ ।

निर्देशक